# भुजुङ्ग हाइड्रोपावर लिमिटेड

टोखा-१०, काठमाडौं

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०४ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८३ साल जेठ महिनाको ३ गते बसेको यस **भुजुङ्ग हाइड्रोपावर लिमिटेड**को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरू गर्नको लागि बस्ने भएको हुदाँ संस्थापकहरू तथा शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति समय र स्थान**

| | | |
|---|---|---|
| साधारण सभा हुने मिति | : | २०८३ साल जेठ २७ गते बुधवार (तद अनुसार सन् २०२६, जुन १०) |
| सभा हुने समय | : | विहान ११:०० वजे |
| स्थान | : | Amrapali Banquet Catering & Event Pvt.Ltd., Bhatbhateni (Baluwatar Road), Kathmandu, Nepal. |

**वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारीत विषय सूचीहरु (क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ असाढ मसान्तको वासलात र मिति २०८१ श्रावण महिना देखि २०८२ असाढ मसान्त सम्मको नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू माथि छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा।
४. कम्पनीको संस्थापक शेयरधनी समूहबाट ५ (पाँच) जना र सर्वसाधारण शेयरधनी समूहको १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्वन्धमा ।
५. आर्थिक वर्ष २०८१/८२ मा संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरू अनुमोदन गर्ने सम्वन्धमा ।
६. संस्थागत सुसासन सम्वन्धि प्रतिवेदन स्विकृत गर्ने सम्वन्धमा ।
७. सञ्चालक समितिबाट भएको प्रमूख कार्यकारी अधिकृत,स्वतन्त्र सञ्चालक र कम्पनी सचिवको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा ।
८. विविध ।

**(ख) विशेष प्रस्ताव**

१. कम्पनीको प्रवन्धपत्रको दफा ६ र नियमावलीको नियम २७, २८ र २९ मा आवश्यक संशोधन गर्ने सम्वन्धमा ।
२. संचालक समितिको अध्यक्ष, सदस्य तथा कम्पनी सचिव र आमन्त्रित विज्ञ सदस्यहरूको बैठक भत्ता र सञ्चालक समितिको दैनिक भ्रमण भत्ता रकममा थप गर्ने सम्वन्धमा ।
३. माथिको प्रस्ताव कार्यान्वयनको सन्दर्भमा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा भएको संशोधन सम्वन्धित निकायहरूबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध प्रस्ताव**

**बार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारीहरु**

१. बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०२/१८ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०२/१४ गतेका दिनसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।
२. शेयरधनी महानुभावहरूलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धि कागजातहरू शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा जानकारी गराइनेछ । कुनै कारणवस कुनै शेयरधनी महानुभावहरूलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला टोखा न.पा. वडा नं. १० सामाखुशीमा सम्पर्क गर्न सकिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन हुने शेयरधनीहरू महानुभावहरू लाई आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका विहान ८:०० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फाराम भरी सभा शुरू हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौं जिल्ला टोखा न.पा. वडा नं. १० सामाखुशीमा दर्ता गरिसक्नु पर्नेछ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरू हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय सामाखुशी काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।
६. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्तीमा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ दिन अगाडी कम्पनीको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हुनेछ ।
७. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरूमा आफ्नो राय तथा सुझावहरू दिन चाहनुहुने शेयर धनीहरूले मिति २०८३/०२/२५ गते दिउँसोको ११:०० बजे सम्मा आफ्नो राय तथा सुझावहरू लिखित रूपमा उपलब्ध गराउनु पर्नेछ । लिखित रूपमा राय तथा सुझावहरू उपलब्ध गराउने शेयर धनीहरूले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरू राख्न पाउनेछन् ।
८. संरक्षक रहनु भएका शेयरधनीको तर्फवाट शेयर धनि दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।
९. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयर धनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।
१०. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, शेयरधनीको विवरण, शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला टोखा न.पा. वडा नं. १० सामाखुशी तथा यस कम्पनीको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड नागपोखरी, काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ ।

**नोटः** साधारणसभा र संचालकको निर्वाचन सम्बन्धी कुनै जानकारी चाहिएमा कम्पनीको वेवसाईट र कम्पनीको रजिष्ट्रर्ड कार्यालय टोखा न.पा. वडा नं. १० सामाखुशीमा सम्पर्क गर्न सकिनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**